# अर्ती र बुद्धि



लेखक :
शिवहरि अधिकारी

चित्राङ्कनकर्ता :
राजुबाबु शाक्य 'शारब'





NP-LLP-03-0002_Text_AartiAndBuddhi.indd 2 6/26/23 12:29 PM



बुद्धिको राम्रो फूलबारी थियो। फूलबारीमा राम्रा-राम्रा फूल फुलेका थिए। फूलहरू हेरेर बुद्धि खुसी हुन्थ्यो।



NP-LLP-03-0002_Text_AartiAndBuddhi.indd 3 6/26/23 12:29 PM





NP-LLP-03-0002_Text_AartiAndBuddhi.indd 4 6/26/23 12:29 PM

एक वर्ष पानी परेन। पानीबिना फूलबारीका फूलहरू ओइलाएर सुके।





NP-LLP-03-0002_Text_AartiAndBuddhi.indd 5 6/26/23 12:29 PM

बुद्धिको एक जना साथी थियो। उसको नाम अर्ती थियो। बुद्धि अर्तीको घरमा घुम्दै आइपुग्यो। बुद्धिले भन्यो, “हेर न, खडेरीले फूलबारीका सबै फूल सुके। कहिल्यै नसुक्ने, कहिल्यै नओइलाउने फूल के-के हुन् ? भन त।”





NP-LLP-03-0002_Text_AartiAndBuddhi.indd 6 6/26/23 12:29 PM

अर्तीले भन्यो, “अँ, कागज र प्लास्टिकका फूल । न कहिल्यै ओइलाउँछन्, न सुक्छन् । कागजको फूल पानी परे बिग्रन्छ, तर प्लास्टिकको फूल केही हुँदैन ।”





NP-LLP-03-0002_Text_AartiAndBuddhi.indd 7 6/26/23 12:29 PM



बुद्धिले फूलबारीका सबै फूल उखेल्यो। उसले प्लास्टिकका राम्रा-राम्रा फूलहरू ल्यायो र धमाधम फूलबारीमा गाड्यो।



NP-LLP-03-0002_Text_AartiAndBuddhi.indd 8 6/26/23 12:29 PM





NP-LLP-03-0002_Text_AartiAndBuddhi.indd 9 6/26/23 12:29 PM






NP-LLP-03-0002_Text_AartiAndBuddhi.indd 10 6/26/23 12:29 PM

एक दिन साँझपखको कुरा हो । बुद्धि घरको बार्दलीबाट फूलबारीका फूल हेर्दै थियो । हावा पनि चलेको थियो, तर फूलको सुगन्धको साटो नालाको दुर्गन्ध पो आयो ।





NP-LLP-03-0002_Text_AartiAndBuddhi.indd 11 6/26/23 12:29 PM

अर्को दिन घुम्दै बुद्धि अर्तीको घरमा पुग्यो। बुद्धिले भन्यो, "फूलबारी त राम्रो देखियो, तर बास्ना नभएकाले नालाको दुर्गन्धले बसिनसक्नु भयो, केही उपाय छ कि ?"

"त्यसो भए अत्तर ल्याएर छर्किदेऊ।" अर्तीले अर्ती दियो।





NP-LLP-03-0002_Text_AartiAndBuddhi.indd 12 6/26/23 12:29 PM

अर्को दिन बुद्धिले पिचकारीमा अत्तर भरेर प्लास्टिकका फूलहरूमा अत्तर छर्क्यो ।





NP-LLP-03-0002_Text_AartiAndBuddhi.indd 13 6/26/23 12:29 PM

तैपनि फूलको बास्नै चलेन। बुद्धि फेरि अर्तीकहाँ पुग्यो र भन्यो, "फूलको बास्ना नै चलेन। के गरूँ ?"

"हावा नलागी बास्ना फैलिँदैन। बिजुलीका पङ्खा चलाऊ। राम्रोसित बास्ना फैलन्छ।"





NP-LLP-03-0002_Text_AartiAndBuddhi.indd 14 6/26/23 12:29 PM



बुद्धिले फूलबारीमा बिजुलीका पङ्खा
चलाएर अत्तरको सुगन्ध पनि फैलायो ।



NP-LLP-03-0002_Text_AartiAndBuddhi.indd 15 6/26/23 12:29 PM






NP-LLP-03-0002_Text_AartiAndBuddhi.indd 16 6/26/23 12:29 PM




तर बुद्धिको फूलबारीमा पहिलेझैँ पुतली, भँवरा, माहुरी केही देखिएनन् । चराको चिरबिर पनि सुनिएन ।



NP-LLP-03-0002_Text_AartiAndBuddhi.indd 17 6/26/23 12:29 PM





NP-LLP-03-0002_Text_AartiAndBuddhi.indd 18 6/26/23 12:29 PM



बुद्धिले अर्तीसँग सल्लाह माग्यो । उसले बजारबाट चरा, पुतली, माहुरी, भँवराजस्ता खेलौना किनेर ल्यायो । उसले तिनलाई फूलबारीमा उडायो । टोल-छिमेकका मानिस पनि रमाइलो गर्न आए ।





NP-LLP-03-0002_Text_AartiAndBuddhi.indd 19 6/26/23 12:29 PM






NP-LLP-03-0002_Text_AartiAndBuddhi.indd 20 6/26/23 12:29 PM

ती खेलौनाहरू एक-आपसमा ठक्कर खाए। खेलौना उडाउनेहरूका बीचमा भनाभन भयो। उनीहरूले झगडा गरे।





NP-LLP-03-0002_Text_AartiAndBuddhi.indd 21 6/26/23 12:29 PM

बुद्धिले फेरि अर्तीलाई भन्यो, "फूलबारीमा आज पुतली एक-आपसमा ठोक्किएर खसे । पुतली खेलाउनेहरूका बीचमा मारामार भयो ।" अर्तीले भन्यो, "झगडा गर्नु राम्रो होइन । झगडा गर्नेलाई सम्झाउनु-बुझाउनुपर्छ, नमानेमा सजाय पनि गर्नुपर्छ ।"



बुद्धिले भन्यो, “सजाय त तिमीलाई गर्नुपर्छ। तिम्रै सल्लाहले गर्दा मेरो फूलबारी नष्ट भयो। फूल नक्कली, बास्ना नक्कली, हावा नक्कली, पुतली र चरासमेत नक्कली। मेरो धन यस्तो नक्कली सामानमा खर्च गराउने तिमी नै हौ।”






NP-LLP-03-0002_Text_AartiAndBuddhi.indd 23 6/26/23 12:29 PM





NP-LLP-03-0002_Text_AartiAndBuddhi.indd 24 6/26/23 12:29 PM

अर्तीले फेरि अर्ती दियो, "सल्लाह सबैको लिनुपर्छ, तर बुद्धि आफ्नै लगाउनुपर्छ। कागले कान लग्यो भन्दैमा कागको पछाडि दौडन सुहाउँदैन।"





NP-LLP-03-0002_Text_AartiAndBuddhi.indd 25 6/26/23 12:29 PM

बुद्धि झल्याँस्स भयो। फूल फुल्नु र ओइलाउनु प्रकृतिको नियम हो, नियमको उल्टो बाटो खोज्नु मेरो भूल रहेछ।



बुद्धि झोक्राएको देखेर अर्तीले सोध्यो, "किन झोक्राएको साथी ? अरू केही अर्ती चाहिन्छ ?" बुद्धिले जवाफ दियो, "अहँ, चाहिँदैन । मेरो होस खुल्यो ।"





NP-LLP-03-0002_Text_AartiAndBuddhi.indd 27 6/26/23 12:29 PM



अर्को दिन बुद्धिले कुटो-कोदालो लियो र साँच्चैका फूलका बिरुवा लगायो ।



NP-LLP-03-0002_Text_AartiAndBuddhi.indd 28 6/26/23 12:29 PM

बुद्धिले फूलका बोटहरूमा पानी हाल्यो ।





NP-LLP-03-0002_Text_AartiAndBuddhi.indd 29 6/26/23 12:29 PM





NP-LLP-03-0002_Text_AartiAndBuddhi.indd 30 6/26/23 12:29 PM

केही दिनपछि बुद्धिको फूलबारीमा फूल ढकमक्क फुले। चराचुरुङ्गी चिरबिराए, माहुरी भुनभुनाए। बुद्धि दङ्ग पर्‍यो ।





NP-LLP-03-0002_Text_AartiAndBuddhi.indd 31 6/26/23 12:29 PM



एक दिन अर्ती बुद्धिको घर आयो। बुद्धिले उसको स्वागत गर्दै फूलबारी देखायो । उनीहरूले एक-आपसमा खुसी प्रकट गरे ।



NP-LLP-03-0002_Text_AartiAndBuddhi.indd 32 6/26/23 12:29 PM